# स्थानीय राजपत्र

खण्ड-१ संख्या-२५ २०७८ साल ७ महिना १४ गते

## स्थानीय सरकार

## भाग-२

## शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७८/७/१४ गते

**प्रस्तावना**

रैनादेवी छहरा गाउँपालिका भित्रका सामुदायीक विद्यालयमा कार्यरत शिक्षकहरुको यसै पालिका भित्रका अन्य सामुदायीक विद्यालयमा सरुवा तथा काज सरुवा गर्नका लागि मनासिव देखि रैनादेवी छहरा गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ४३ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. सक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) “ऐन” भन्नाले “रैनादेवी छहरा गाउँपालिकाको शिक्षा ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले रैनादेवी छहरा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले रैनादेवी छहरा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सामुदायीक विद्यालय" भन्नाले रैनादेवी छहरा गाउँपालिका भित्रका आधारमूत विद्यालय, प्राथामिक विद्यालय र माध्यमिक विद्यालयलाई सम्झनु पर्छ।

(ङ) "प्राथमिक विद्यालय" भन्नाले कक्षा ५ सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्दछ

(च) "आधारभूत विद्यालय" भन्नाले कक्षा ८ सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्दछ।

(छ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा बाह्र सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्छ।

३. सरुवा सम्बन्धी व्यवस्था:- गाउँ कार्यपालिकाले दफा ४ को अधिनमा रही गाउँपालिकाको एक सामुदायीक विद्यालयबाट अर्को सामुदायीक विद्यालयमा रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ।

४. सरुवा सम्बन्धी मापदण्ड:- (१) गाउँपालिकाको एक सामुदायीक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सरुवा गर्दा अवलम्बन गर्नुपर्ने आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) अनुसूचि-१ बमोजिमको सरुवा हुन इच्छुक शिक्षकको निवेदन।

(ख) हाल कार्यरत विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

(ग) सरुवा भई जान चाहेको विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

५. काज सम्बन्धी व्यवस्था:- गाउँ कार्यपालिकाले दफा ६ को अधिनमा रही गाउँपालिकाको एक सामुदायीक विद्यालयबाट अर्को सामुदायीक विद्यालयमा काज सरुवा गर्न सक्नेछ।

६. काज सम्बन्धी मापदण्ड:- (१) गाउँपालिकाको एक सामुदायीक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा काज सरुवा गर्दा अवलम्बन गर्नुपर्ने आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) अनुसूचि-१ बमोजिमको काज सरुवा हुन इच्छुक शिक्षकको निवेदन।

(ख) हाल कार्यरत विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

(ग) काज सरुवा भई जान चाहेको विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

७. सरुवा र काज सरुवाको निर्णय प्रक्रिया: (१) गाउँ कार्यपालिकाले तपसिलमा उल्लेखित मापदण्डको आधारमा गाउँपालिका भित्रका एक सामुदायीक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सरुवा तथा काज सरुवा गर्न सक्नेछ। तर, करार र राहतमा कार्यरत शिक्षकको सरुवा तथा काज शैक्षिक सत्रको (शैक्षिक वर्ष) अन्तमा वाहेक अन्य समयमा गर्न पाइने छैन।

(क) दफा ४ र दफा ६ बमोजिमका कागजातहरु।

(ख) गाउँ शिक्षा समितिको बैठकको सिफारिस निर्णय।

८. सरुवा वा काज सरुवा सम्बन्धी पत्र:- सरुवा वा काज सरुवा सम्बन्धी पत्र अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

९. संशोधन सम्बन्धी व्यवस्थाः- गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१०. खारेजी र वचाउँः- यस भन्दा अगाडी भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
(दफा ४ र ६ संग सम्बन्धित)

मिति:-

विषय:- सरुवा / काज सरुवा सम्बन्धमा।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रैनादेवी छहरा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा।

उपर्युक्त सम्बन्धमा यसै रैनादेवी छहरा गाउँपालिका, पाल्पा, वडा ...स्थित...विद्यालयमा कार्यरत शिक्षक म....तपिसलमा उल्लेखित विद्यायमा सरुवा/काज सरुवा भई जान इच्छुक रहेको हुँदा उक्त विद्यालयमा सरुवा/काज सरुवा गरिदिनु हुन अनुरोध गर्दछु।

**तपसिल**:-

| हाल कार्यरत विद्यालय | सरुवा/काज सरुवा भई जान चाहेको विद्यालय |
|---|---|
| शिक्षकको नाम:<br>तह:<br>प्रकार: स्थायी/राहत/करार<br>विद्यालय:<br>ठेगाना: | शिक्षकको नाम:<br>तह:<br>प्रकार: स्थायी/राहत/करार<br>विद्यालय:<br>ठेगाना: |

संलग्न कागजातहरु:

(क) ..... विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

(ख) ..... विद्यालयको व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

निवेदक

अनुसूची-२
(दफा ८ संग सम्बन्धित)

मितिः-

विषयः- सरुवा / काज सरुवा सम्बन्धमा।

महाशय,

तपाईलाई रैनादेवी छहरा गाउँपालिका, पाल्पाको शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को दफा ७ बमोजिम देहाय अनुसार सरुवा/ काज सरुवा गरिएको व्यहोरा मिति....को निर्णयानुसार (कार्यपालिकास्तरीय) अनुरोध छ।

**देहाय**:-

| **हाल कार्यरत विद्यालय/तह/ठेगाना** | **सरुवा/काज सरुवा भएको विद्यालय/तह/ठेगाना** |
|---|---|
| तहः<br>प्रकारः स्थायी/राहत/करार<br>विद्यालयः<br>ठेगानाः | तहः<br>प्रकारः स्थायी/राहत/करार<br>विद्यालयः<br>ठेगानाः |

श्री.........

संकेत नं.

............................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**:-

श्री राष्ट्रिय कितावखाना शिक्षक म्यूजियम मार्ग, छाउनी, काठमाडौं।
श्री कर्मचारी संचयकोष , रुपन्देही।
श्री नागरिक लगानीकोष (सावधिक वीमा), नयाँबानेश्वर, काठमाडौं।
श्री शिक्षा विकास तथा समन्वय इकाई, पाल्पा।
श्री .....विद्यालय,...: नियमानुसार रमाना दिनुहुन।
श्री ......विद्यालय,... : नियमानुसार हाजिर गराई जानकारी दिनुहुन।

आज्ञाले

मितिः- २०७८/७/१५

इन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत